"कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सृजना समाजवाद उन्मुख , दिगो विकास र समृद्धि याङवरकको चाहाना"

# याङवरक गाउँपालिका

# गाउँ सभामा प्रस्तुत

# आ.व. २०७८/०७९

# को

# बार्षिक नीति तथा कार्यक्रम

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पू, पाँचथर
प्रदेश नं. १, नेपाल
२०७८ असार ०९ गते, बुधबार

*हार्दिक अभिवादन*

**उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षा कर्मी ज्यूहरु,**

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट नेपालको संविधानको कार्यन्वयन सँगै संघीय लोकतान्त्रीक गणतान्त्रीक मुलुकको रुपमा रुपान्तरण भई स्थानीय तहको गठन सँगै यस गाउँपालिका पनि अस्तित्वमा आएको छ । स्थानीय तहको निर्वाचन मार्फत म लगायत यस गाउँ कार्यपालिका तथा गाउँ सभाका सदस्यहरुलाई निर्वाचित गरेर गाउँपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गर्नु भएकोमा याङवरक गाउँपालिका, गाउँ सभा तथा मेरो व्यक्तिगत तर्फबाट गाउँपालिकाका सम्पूर्ण मतदाता आमा बुबा दिदी बहिनी तथा दाजुभाईहरुमा हृदय देखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

आज मिति २०७८।०३।०९ गते गाउँपालिकाको नवौ गाउँसभा हुन गई रहेको छ । यो गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको महसुश गरेको छु । नेपालमा लोकतान्त्रीक व्यवस्थाको लागी नेपाली जनताले गर्दै आएको आन्दोलन, न्याय, प्रजातन्त्र र समानताका निमित्त जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान जारी भई नयाँ संरचना र शासन प्रणाली प्रयोगमा आएको छ । संविधान र वर्तमान राजनैतिक प्रणालीको संस्थागत विकास एवं लोकतन्त्रको सुदृढीकरण गर्ने जिम्मा स्थानीय तहमा पनि आएको छ । संविधानले राजनैतिक मुद्दाहरुको छिनोफानो गरी सकेको सन्दर्भमा अव स्थानीय आर्थिक विकासका एजेण्डाहरु अगाडि आएका छन । त्यसका निमित्त सबै याङवरकवासीहरु, प्रमुख राजनैतिक दलहरु सरकारी तथा गैरसरकारी संस्थाहरु एकमन एकताका साथ अगाडि बढ्नु पर्ने देखिन्छ । यी सवै कुराहरुको मध्यनजर राखी बजेट, नीति तथा कार्यक्रम निर्माण गरी यो नवौ गाउँ सभाको आयोजना गरेका छौ । यो गाउँ सभाले यस क्षेत्रका सवै सम्भावनाहरुको खोजी गरी व्यवस्थित विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा मैले पूर्ण विश्वास लिएको छु । गाउँपालिका भित्रका सवै वडाहरुमा वडा भेलाको आयोजना गरी राय सल्लाह सुझाव सहमति आदिका आधारमा वडाहरुको सन्तुलित विकासलाई मध्यनजर राखी योजनाहरु छनौट भई आए अनुसार सवै योजनाहरुलाई सिमित श्रोत र साधनको अभावमा सम्वोधन गर्न नसकिए पनि अधिकाँस योजनाहरुमा वजेट विनियोजन गरिनेछ । गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको आदेश, अर्थ मन्त्रालयको मार्ग निर्देशन, नेपाल सरकारले प्रकाशनमा ल्याएको पन्ध्रौं योजना, सहस्राव्दी विकास लक्ष्य, दिगो विकासको लक्ष क्षेत्रगत र राष्ट्रिय नीतिहरु आवधिक पञ्चवर्षीय योजना, यस गाउँपालिकाको विगतका गाउँ परिषद, आवधिक योजनाद्धारा पारित निर्णयहरु, गाउँपालिकाको विकास सम्वन्धि अवधारणाहरु याङवरक गाउँपालिका भित्रका वुद्धिजीवीहरु, समाजसेवीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सल्लाह, सुझाव आदिका आधारमा यो नीति तथा कार्यक्रमको तय गरिएको हो । यो बजेट, नीति तथा कार्यक्रमले राज्य तथा यस गाउँपालिकाले लिएको उदेश्य पुरा गर्ने छ भन्ने हामीले पुरा विश्वास लिएका छौ ।

नेपालको संविधानको अनुसूची ८ र ९ ले दिएको अधिकार, कार्यक्षेत्र तथा जिम्मेवारी अनुसार अव स्थानीय तह जनताको सवैभन्दा नजिकको घरदैलोको सरकार हो भन्ने कुरा स्पष्ट भई सकेको छ । आजको

गाउँपालिका हिजोको गाउँ विकास समिति जस्तो केन्द्रिकृत शासन व्यवस्थामा आधारित परनिर्भर गाउँपालिका होईन । अव गाउँपालिकाहरुले स्वायत्तता प्राप्त गरी सकेका छन् । सिँहदरवारको अधिकार जनताको घरदैलोमा आएको छ । एउटा सार्वभौम र स्वायत्त गाउँपालिकाले लिने निर्णय र यसका भूमिकाले समाजको, मानवीय तथा भौतिक विकासमा प्रत्यक्ष एवं दूरगामी प्रभाव पार्दछ । त्यसैले यसको नेतृत्व सही, निस्वार्थी र कुशल हुनु पर्दछ अनि सुझवुझ र होसका साथ अविचलित रुपमा अगाडि वढ्नु पर्ने देखिन्छ ।

गाउँपालिकाले विकासका पूर्वाधारहरु खडा गरी नसकेको हुँदा व्यवस्थित योजनाहरु छैनन । स्थानीय स्रोत र साधनको प्रारम्भिक रुपमा परिचालन पनि उचित तवरले भएको छैन । यातायात संचार खानेपानी स्वास्थ्य शिक्षा तथा बजारीकरणको पुन व्यवस्थापन गर्नु पर्ने भएको छ । यस गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँपालिकालाई प्राप्त अधिकारको उचित प्रयोग गरी गाउँपालिकालाई उज्यालो र समृद्ध वनाउन सक्रिय हुनु पर्ने देखिन्छ । यसको निम्ती सवै वुद्धिजीवी समाजसेवी राष्ट्रसेवक कर्मचारीहरुसंग सहयोगको अपेक्षा गरिएको छ ।

याङवरक गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय, अवस्थालाई अगाडि राखी यसको मार्गचित्र कोर्नु पर्ने भएको छ । यो गाउँपालिकालाई विकट भूगोलको कारणले पूर्वाधारको विकास राम्रो हुन नसकेको अवस्थामा सीमित स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी प्रतिव्यक्ति आय वढाउनु पर्ने आवश्यकता छ । वढ्दो वेरोजगारीको अन्त्य तथा वैदेशिक रोजगारको न्यूनीकरणका निमित्त पनि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने र वेरोजगारी तथा वैदेशिक पलायनलाई रोक्नु पर्ने भएको छ । अव यो जिम्मेवारी निर्वाचित जनप्रतिनिधिहरुको काँधमा आएको छ ।

गाउँपालिकाको आर्थिक विकासका निमित्त कृषि उत्पादनमा वृद्धि गर्नु पर्ने, पशुजन्य व्यवसाय, लघु उद्योगको प्रवर्द्धन, स्थानीय सीप र साधनवाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, सहकारी नियमन र उचित व्यवस्थापन , योजनावद्ध विकास, आधारभूत पूर्वाधारको विकास तथा आम समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी एवं परिणाममुखी विकास संभव हुने देखिन्छ । उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सवैको सहभागिताको आवाश्यकता देखिन्छ । यी सवै चुनौतीहरु र सम्भावनाहरुको बुद्धिमत्तापूर्ण ढंगवाट समाधान र उपयोग गर्न सरकार, गैरसरकारी संघ सस्था, नीजि क्षेत्र एवं स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय सहभागिता सहमति र समझदारीको आवश्यकता देखिन्छ । अझै प्रदेश तथा केन्द्रका कानूनहरु वनी सकेका छैनन । काम गर्न असहज वनेको छ तर पनि केन्द्र तथा प्रदेश समेतसंग समन्वय गरी काम गर्नु पर्ने अनिवार्यता देखिन्छ । यसवाट मात्र यी काम सम्भव हुने देखिन्छ । यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सवै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय संघसंस्थाहरु एवं गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध गर्दछु । यसका निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनावद्ध अल्पकालिन क्षेत्रगत र दीर्घकालिन योजनाहरु निर्माण गरी साझेदारीहरुको खोजी गरी विकास निर्माणको काममा अगाडि वढ्न पर्ने देखिन्छ ।

## याङवरक गाउँपालिकाको भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा पाँचथर जिल्लाको याङवरक गाउँपालिकाको फैलावट २७.२७° उत्तरी अक्षांश देखि ८७.८६° पूर्वी देशान्तरमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा भारतको सिक्किम, पश्चिममा हिलिहाङ गाउँपालिका, उत्तरमा ताप्लेजुङ जिल्लाका याङवरक पाथिभरा र सिदिङवा गाउँपालिकाहरु र दक्षिणमा फालेलुङ र हिलिहाङ गाउँपालिकासँग सिमाना जोडिएको छ । मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू-भागमा फैलिएको यो गाउँपालिका भाङबारी काबेली बगर समुद्री सतहबाट २००० फिट देखि फलैचाको तिम्बुङपोखरी १२०५८ फिट सम्म फैलिएको छ । यस गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाबाट हालै गरिएको घरधुरी संर्वेक्षणबाट तयार गरिएको गाउँपालिकाको वस्तुगत विवरण अनुसार १८११४ जनसंख्या रहेको छ । हाल निर्माणाधिन मध्य पहाडी ( पुष्पलाल लोकमार्ग) को उद्गम स्थल च्याथापूको चिवाभञ्ज्याङ वाट सुरु भै च्याङथापु बजार, फलैचा, ओयाम, थर्पू, नागीको गणेशचोक हुदै हिलिहाङ गाउँपालिका जोडेको छ । यस गाउँपालिकाको केन्द्रबाट ताप्लेजुङ जिल्लाका याङवरक पाथिभरा र सिदिङवा गाउँपालिका र सबै वडा सम्म कच्ची सडक सञ्जाल रहेको तिम्बुङपोखरी, लामपोखरी, सुकेपोखरी, गुन्टेपोखरी, नेपालको एकमात्र निशान नाँच नचाइने निशान कालिका धाम, गुम्सेपाथिभरा, किराँत माङहिम, कालापानि, भोटेगडी, चिवाभञ्ज्याङ, चरिभञ्ज्याङ, गुप्तेश्वर माहादेव, माङ्गेनालुङ, गायत्रीस्वरुप विवेकानन्द आश्रम आदि धाम मुख्य धार्मिक तथा पर्यटकीय स्थल पर्यटकिय सम्भावना रहेको नेपालको सातौ पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिका हो ।

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७८/२०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व याङवरक गाउँपालिकाको पहिलो आवधिक योजनाले परिलक्षीत गरेको यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धीको बारेमा छोटो भनाइ प्रस्तुत गर्दछु ।

**सोचः**

**"कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सृजना**

**समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना"**

**याङवरक गाँउपालिको लक्ष्य**

वि.स. २०८१ सम्म उपलब्ध श्रोत तथा साधनहरु एवम् प्रविधीको सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरुसँग सहकार्य गरेर सामाजिक न्याय, सुशासन, गरिवी निवारण एवं समावेशी विकास सहितको समावेशी समाज निर्माण गरी समृद्ध तथा नेपालको नमुना गाउँपालिकामा रुपान्तरण हुने ।

**याङवरक गाँउपालिको उद्धेश्य**

मुख्य उद्देश्यः उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिदर, द्रुतगतिमा गरिवी न्युनीकरण गर्दै आर्थिक र सामाजिक रुपान्तरण गर्नु ।

**विशिष्ट उद्देश्यहरुः**

- दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।

- शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्नु ।
- समावेशी विकास प्रवर्द्धन सहित असमानता न्युनीकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्नु ।
- कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु ।
- शुसासन तथा गाउँपालिकावासीहरुलाई समाजिक न्यायको प्रत्याभूति गराइनु ।
- प्रविधी विकास तथा विस्तार गर्नु
- मावन अधिकार संरक्षण, दण्ड हिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु ।

**विकासका प्राथमिकताका क्षेत्रहरु**

गाउँपालिकाको समग्र विकासको लागि बहुआयमिक विकासका क्षेत्रहरुलाई सम्वोधन गर्नु अपरिहार्य आवश्यकता हो । यसरी विकासका कृयाकलापहरुलाई सञ्चालन गर्दा विकासका लागि गरिने क्षेत्र तथा कृयाकलापहरुको सहि प्राथमिकताले समयमा नै अपेक्षित परिणाम ल्याउदछ । विकासका सहि प्राथमिकताले लगानीको सहि प्रतिफल प्राप्त गराउदछ । याङवरक गाउँपालिकाको सन्दर्भमा गाउँपालिकामा सुशासन प्रत्याभूति मार्फत दक्ष जनशक्तिको विकास गरी यस आवधीक योजनाले निर्दिष्ट गरेको दूरदष्टिले दिशा निर्देश गरेको मार्गमा विकासका कृयाकलापहरुलाई कार्यान्वयन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न जनसहभागीतामा आधारित दिगो र द्रुत विकासको लागि निम्नानुसारको १० प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरु  तर्जुमा र कार्यान्वयन गर्दै लगिनेछ ।

१. गुणस्तरीय तथा प्राविधिक शिक्षा

२. स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा

३. कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण

४. आन्तरिक राजश्व वृद्धि तथा वित्तीय सुशासन

५. पर्यटन प्रवर्द्धन र विकास

६. जलश्रोत तथा उर्जा विकास

७. सूचना, प्रविधी तथा सञ्चार

८. यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नतीकरण

९. भु-उपयोग तथा भूमि व्यवस्थापन

१०. समावेशीकरण तथा समावेशी विकास

**आर्थिक बर्ष २०७८/०७९ को लागि निम्न अनुसारको नीति कार्यक्रम पेश गर्दछु ।**

१. विद्यालयहरु प्रविधीमैत्रि वनाइनेछन र समावेशी शिक्षा सहितको समावेशी विद्यालयमा रुपान्तरित गरिनेछन ।

२. विद्यालयहरुमा पूर्वाधार विकासलाई निरन्तरता दिइने छ ।

३. विद्यालय उमेरका सबै वालवालिकाहरुको लागि सहज गुणस्तरीय शिक्षा उपलब्धता गराइने छ ।

४. विद्यार्थी- शिक्षक अनुपात अनुसार शिक्षक दरवन्दी व्यवस्थापन गरिने छ ।

५. नीतिगत व्यवस्था अनुसार निशुल्क पाठ्यपुस्तकहरुको आपूर्ति नियमित रुपमा गरिनेछ ।

६. शिक्षा र स्वास्थ्य वीच समन्वय गरी विद्यालयहरुमा स्वास्थ्य जाँच गराउने कुरालाई सुनिश्चित गरिनेछ । विद्यालय नर्सिङ कार्यक्रमलाई प्रभावकारी बनाइ निरन्तरता दिइनेछ । प्रदेश सरकारसगँको समन्वयमा यस कार्यक्रमको विस्तार गरिदै लगिनेछ ।

७. याङवरक १ च्याङथापूमा स्थापना गरिएको आवासीय विद्यालयलाई व्यवस्थित र प्रभावकारीरुपमा संचालन गरिनेछ । उक्त आवासीय विद्यालयको पूर्वाधार विकासका लागि प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

८. विद्यालयहरुमा प्रतिभाखोजि कार्यक्रम संचालन गरिनेछ । अतिरिक्त कृयाकलापको माध्यमबाट वालवालिकाहरुको सर्वागिण विकासमा जोड दिइनेछ । वाल क्लव, जुरेस, स्काउट, सगरमाथा टिम्स क्लव संचालन गरिनेछ ।

९. शिक्षक, विद्यालय कर्मचारि, स.का. हरुलाई क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।

१०. हाल विश्वव्यापिरुपमा फैलिएको कोभिड रोगको रोकथाम तथा नियन्त्रण गर्नका लागि संघीय सरकार, प्रदेश सरकार र सरोकारवालाहरु सँगको सघन समन्वय र सहकार्यमा उच्च प्राथमिकताका साथ नियन्त्रण र रोकथामको कार्य अघिबढाइनेछ ।

११. स्वास्थ्य केन्द्रहरुलाई प्रविधी मैत्रि वनाइनेछ । चालु आथिक वर्षमा निर्माण प्रकृया सुरुभइ सकेको १५ शैयाको अस्पताल निर्माण कार्यलाई शिघ्रता दिइनेछ ।

१२. याङवरक वडा नं. २ बेतेनिमा फलैचा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर भवनको निर्माण कार्य आगामि आ.व.मा सम्पन्न गरिनेछ । साथै वडा नं. ३ ओयाम स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवनको निर्माण कार्य सम्पन्न गरि सेवा सुचारु गरीनेछ ।

१३. स्वास्थ्य संस्थाहरुमा समावेशी पूर्वाधार सहित सवैका लागि सुलभ सेवा उपलव्ध गराइनेछ ।

१४. निशुल्क औषधीहरुको आपूर्ति नियमित रुपमा गरिनेछ ।

१५. स्वास्थ्य कर्मिहरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी परिचालनको माध्यमबाट आम जनतामा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

१६. स्वास्थ्य सेवाको पंहुच नपुगेका गाउँहरुमा घुम्ति स्वास्थ्य सिविर संचालन गरिनेछ ।

१७. यस गाउँपालिकामा आगिम आर्थिक वर्ष देखि आयुवेद स्वास्थ्य सेवाको सुरुवात गरिनेछ ।

१८. प्रदेश सरकार सँगको साझेदारीमा निशूल्क दन्त उपहार कार्यक्रम संचालन गरिनेछ ।

१९. कृषि पेशामा रहनेहरुको सीप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमुल रुपान्तरण गर्न कृषिको व्यवसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधीको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गरिनेछ ।

२०. कृषि तथा पशुपन्छीको तथ्याङ्क अध्यावधिक गदै व्यवसायिक कृषिको माध्यमबाट उत्पादकत्व अविबृद्धि गर्न कृषि क्षेत्रमा पकेट विकास कार्यक्रम लाइ निरनतरता दिइनेछ ।

२१. फलफूल दशक अन्तरगत गाउँपालिकालाई फलफूलमा आत्मनिर्भर बनाउन फलफूलको विरुवा रोपण अभियानको रुपमा संचालन गरिनेछ ।

२२. गाउँपालिका स्तरीय फलफूल नर्सरिको प्रभावकारिता बढाई नमूना नर्सरी बनाईनेछ ।

२३. कृषि तथा पशु विमा कार्यक्रम विस्तार गरिनेछ ।

२४. माटो परिक्षण कार्यका जोड दिइनेछ ।

२५. विषादिको प्रयोगलाई व्यवस्थित र नियन्त्रीत गदै जैविक मलको प्रयोगलाई बढवा दिइनेछ ।

२६. व्यवसायिक बाख्रापालन कार्यक्रमको विस्तार विकास गरी गाउँपालिकालाई मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउदै गाउँपालिकाबाट मासुजन्य पदार्थको निर्यातमा जोड दिइनेछ ।

२७. कृतिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२८. दुग्धजन्य पदार्थको उत्पादन बढाइ बजारीकरणमा जोड दिइनेछ ।

२९. आन्तरिक राजश्व वृद्धि तथा वित्तीय सुशासनलाई कायम गर्न जोड दिइनेछ ।

३०. संघीय सरकार सँगको समन्वय र सहकार्यमा यसैवष देखि निर्माण कार्य थालनि गरिएको निशान कालीका धाम याङवरक पोखरी संरक्षण योजनाको निर्माण कार्यलाई शिघ्रता दिई पर्यटन प्रर्वधन जोड दिइनेछ ।

३१. याङवरक गाउँपालिका वडा नं. ३ को चरिभञ्याङमा गेट निर्माणको कार्य गरिनेछ । साथै गुप्तेश्वर महादेव स्थान मन्दिरको डि पि आर गरिनेछ ।

३२. पर्यटन पूर्वाधार विकासको लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

३३. सहकारी संस्थाहरुको प्रवर्द्धनको लागि नियमित अनुगमन कार्यलाई प्रभाकारी बनाइनेछ ।

३४. सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउने कार्यमा जोड दिइनेछ ।

३५. खानेपानी सरसफाई अन्तरगत आमजनताको पँहुचमा स्वच्छ खानेपानी पुऱ्याउन खानेपानी योजनाहरुलाई प्राथमिकता दिइनेछ । चिण्डे, असिने बृहत खानेपानी योजना र केरावारी लुम्बु ठोट्ने बृहत खानेपानी योजना, सिम्ले, निगाले, इम्बुङधारा, कामिटर, याङसिबुङ बृहत खानेपानी योजना लाई आगामि आ.व.मा निर्माण सम्पन्न गरिनेछ ।

३६. याङवरक गाउँपालिकाको धर्म संस्कृति भेषभुसा संरक्षण गर्नका लागि प्राथामिकता दिइनेछ ।

३७. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ । पालिका स्तरीय बोझ्रेधारा खेलमैदान निर्माण सम्पन्न गर्न प्राथामिकता दिइनेछ ।

३८. गाउँपालिकास्तरीय मल्टि प्रपोज कवर्डहलको लागि संघीय सरकार तथा प्रदेश सरकार सँगको साझेदारीमा निर्माण कार्यको थालनि गरिनेछ ।

३९. लक्षित वर्गहरुको क्षमता विकासका लागि सीपमूलक तालिम दिई रोजगारी र आयआर्जनमा जोडिनेछ ।

४०. समावेसि विकास कार्यक्रमको लागि एन.एल.आर. नेपालसँगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ । आगामि आर्थिक वर्षमा यस गाउँपालिकालाई नेपालको पहिलो कुष्ठरोग मुक्त गाउँपालिका बनाउनमा जोड दिइनेछ ।

४१. अपाङ्गता रोकथाम, व्यवस्थापन र अपाङ्गता समावेशि विकासमा विषेश जोड दिइनेछ ।

४२. गाउँपालिकाको गौरवकोरुपमा रहेको गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनाको निर्माण कार्य भईरहेकोमा यसको निर्माण सम्पन्न गर्न तिव्रता दिइनेछ । साथै गौरवकै आयोजनाको रुपमा रहेका वडा नं. २ र ५ को वडा कार्यालय भवनको निर्माण सम्पन्न गरि नयाँ भवनमा वडा कार्यलय संचालनमा ल्याइनेछ ।

४३. गाउँपालिका भित्रका सडकहरुको स्तरउन्नती कार्यमा जोड दिइनेछ ।

४४. गाउँपालिका भित्रका डि.पि.आर. सम्पन्न भएका योजनाहरुलाई संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

४५. विपदको जोखिम आङ्कलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ ।

४६. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनमा संघ र

प्रदेश सरकारको समन्वयमा स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा गाउँपालिकास्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ ।

४७. सुनुवार गोलाई देखि गणेशचोक हुँदै थर्पु बजार सम्मको फोहोर मैला तथा ढल व्यवस्थापनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । साथै अन्य बजारहरुको पनि फोहोर मैला व्यवस्थापनको लागि प्राथमिकता दिइनेछ ।

४८. सडकपेटीहरुमा बृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ । प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

४९. प्रकृतिक तथा मानवीय कारणबाट हुनसक्ने विपदलाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

५०. गाउँपालिका तथा अन्तरगतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई छिटो छरितो सहज सरल प्रविधिमैत्री बनाइ सेवा प्रवाहको गुणस्तरीयता कायम गर्न प्रविधीमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।

५१. सेवा प्रवाहलाई गुणस्तरीय बनाउन कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।

५२. राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागवाट तोकिएको बमोजिमका कार्यक्रमहरुलाई प्रभावकारीरुपमा संचालन गरिनेछ ।

५३. जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान तथा अनुभवको उपयोग गर्दै उनीहरुको सम्मानित जीवनयापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५४. नेपालको सातौ तथा पाँचथरको पहिलो पूर्ण अनलाइन घटना दर्ता गाउँपालिकालाई अझ प्रभावकारी बनाइनेछ ।

५५. स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनतामैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५६. करका दरहरु न्युन गरी करका दायरा विस्तार गरिनेछ । समयमै कर तिरौं, सम्वृद्ध याङवरक निर्माणमा सहयोग गरौं भन्ने नारालाई राजस्व परिचालनको नारा वनाईनेछ । जनताले तिरेको करलाई जनताको अधिकतम हितको लागि उपयोग गरिनेछ ।

५७. करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् । कर प्रशासनमा आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । कर छली र चुहावट रोक्न शून्य सहनशीलताको नीति लिइनेछ ।

५८. गाउँपालिकाको वस्तुगत तथ्यांक अद्यावधिक गर्दै लगिनेछ ।

## आदरणीय महानुभावहरु

अन्त्यमा नीति कार्यक्रम तर्जुमा  कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,  सम्पुर्ण वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्यूहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारी ज्युहरु, लगायत नीति कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने भद्र भलाद्मी, बुद्धिजिवी तथा सम्पूर्ण याङवरकवासी जनतामा  हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

प्रस्तोता
लेखनाथ घिमिरे
अध्यक्ष
याङवरक गाउँपालिका
मिति २०७८।०३।०९